# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार


***स्वास्थ्य कार्यालयद्वारा कर्मचारी हरुलाइ स्वागतम*** *गरिएको छ।*




स्वास्थ्यमन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट पदस्थापना भइ आउनु भएका ल्याब टेक्निसियन बिमलेन्द्र साह र पब्लिक हेल्थ नर्स सारती कुँवर लाइ स्वास्थ्य कार्यालयको टोलीद्वारा स्वागत गरिएको छ।




***धवलागिरी गाउँपालिका-स्वास्थ्य शाखाद्वारा आ.ब. २०८०/०८१को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।***



आ.ब. २०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा पालिकास्तरका सम्पूर्ण सरोकारवालाहरु स्वास्थ्य सँस्थाका प्रमुखहरु तथा स्वस्थ्य कार्यालय म्याग्दी, र वान हार्ट वर्ल्ड वाइड लगायतका प्रसरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भएको थियो।



कार्यक्रममा स्वास्थ्य चौकीका बिभिन्न स्वास्थ्य सुचकहरु, स्वास्थ्य सेवा प्रवाह तथा गतिबिधिहरुका

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार


आधारमा धवलागिरी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मध्यबाट पहिलो दोश्रो र तेस्रो स्थान हासिल गर्ने स्वास्थ्य सँस्थाहरुलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो








***अन्नपुर्ण गाउँपालिका- स्वास्थ्य शाखाद्वारा. २०८०/०८१को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।***



अन्नपुर्ण गाउँपालिका पोखरे बगर स्थित स्वास्थ्य शाखाद्वारा स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा पालिकास्तरका सम्पूर्ण सरोकारवालाहरु स्वास्थ्य सँस्थाका प्रमुखहरु तथा स्वस्थ्य कार्यालय म्याग्दी, र वान हार्ट वर्ल्ड वाइड लगायतका प्रसरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भएको थियो/



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार

## मुदी स्वास्थ्य चौकी द्वारा आत्महत्या रोकथाम सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको छ।



बिश्व आत्महत्या रोकथाम दिवस २०२४ को अवसरमा "आत्महत्या रोकथामबारे संबाद शुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराको साथ बुद्धि विकास मा.बि. मुदी मा विश्व आत्महत्या रोकथाम दिवस भव्यताका साथ मानिएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।




## मुना स्वास्थ्य चौकी द्वारा आत्महत्या रोकथाम सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको छ।

बिश्व आत्महत्या रोकथाम दिवस २०२४ को अवसरमा "आत्महत्या रोकथामबारे संबाद शुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराको साथ श्री धवलागिरी माध्यमिक बिधालय मुनामा विश्व आत्महत्या रोकथाम दिवस भव्यताका साथ मानिएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।



## मराङ चौकी द्वारा आत्महत्या रोकथाम सम्बन्धि कार्यक्रम सम्पन्न भएको छ।

बिश्व आत्महत्या रोकथाम दिवस २०२४ को अवसरमा "आत्महत्या रोकथामबारे संबाद शुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराको साथ श्री जनविकास माध्यमिक बिधालय मराङमा विश्व आत्महत्या रोकथाम दिवस भव्यताका साथ मानिएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार



## *मराङ चौकी द्वारा आत्महत्या रोकथाम सम्बन्धि कार्यक्रम सम्पन्न भएको छ।*

बिश्व आत्महत्या रोकथाम दिवस २०२४ को अवसरमा "आत्महत्या रोकथामबारे संबाद शुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराको साथ श्री जनकल्याण माध्यमिक बिधालय गुर्जामा विश्व आत्महत्या रोकथाम दिवस भव्यताका साथ मानिएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।



## *स्वास्थ्य शाखा-रघुगंगा गाउँपालिका द्वारा आत्महत्या रोकथाम सम्बन्धि कार्यक्रम सम्पन्न*

बिश्व आत्महत्या रोकथाम दिवस २०२४ को अवसरमा "आत्महत्या रोकथामबारे संबाद शुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराको साथ रघुगंगा-२ राखुभगवती स्वास्थ्य चौकीमा १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




## *दाना स्वास्थ्य चौकीद्वारा किटजन्य रोग अन्तर्गत डेंगु रोगबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न*

अन्नपूर्ण-३, दाना स्थित, दाना स्वास्थ्य चौकी द्वारा ज्योति आधारभूत बिधालयमा किटजन्य रोग अन्तर्गत डेंगु रोगबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।कार्यक्रम डेंगु, औलो ज्वरो लगायतका किटजन्यरोगहरु बाट बच्ने उपायहरुमा केन्द्रित रहेको थियो।

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार



## *स्वास्थ्य शाखा-रघुगंगा गाउँपालिका द्वारा डेंगु लगायत किटजन्य रोगहरु रोकथाम सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।*

रघुगंगा गाउँपालिका, स्वास्थ्य शाखाको आयोजनामा डेंगी लगायतका कीटजन्य रोगहरु सार्ने लामखुट्टेको उच्च प्रभाव रहेका ठाउँहरुमा लामखुट्टेको बासस्थान पत्ता लगाउने र नष्ट गर्ने कार्य सञ्चालन गर्न सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम रघुगंगा स्थित दग्नाममा सम्पन्न गरिएको छ। कार्यक्रममा वडा अध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनीधि, वडा कार्यालय तथा स्वास्थ्य चौकीका कर्मचारी, शिक्षक, म.सा.सवा.स्व.से. लगायतको उपस्थिति रहेको थियो।



## *दाना स्वास्थ्य चौकीद्वारा किटजन्य रोग अन्तर्गत डेंगु रोगबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न*

दाना स्वास्थ्य चौकीद्वारा श्री प्रभा माध्यमिक बिधालयमा किटजन्य रोग अन्तर्गत डेंगु रोगबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ/ कार्यक्रम डेंगु, औलो ज्वरो लगायतका किटजन्य रोगहरु बाट बच्ने उपायहरुमा केन्द्रित रहेको थियो



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार


## मालिका गाउँपालिका स्वास्थ्य शाखाद्वारा बार्षिक समिक्षा कार्यक्रम सम्पन्न




आ.ब. २०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

मालिका गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी देबी घर्तीको अध्यक्षतामा संचालन भएको कार्यक्रममा मालिका गाउँपालिका-६, वार्ड अध्यक्ष पथ बहादुर रोका, मालिका गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत हरिश चन्द्र ढकाल, दर्बाङ्ग आधारभुत अस्पताल प्रमुख डा. गायत्री पौडेल,स्वास्थ्य कार्यालय म्याग्दीका जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटा, परिवार नियोजन सुपरभाइजर गणेश सुबेदी लगायत शाखागत कर्मचारीहरु, स्वास्थ्य संस्था प्रमुखहरु, इलाका प्रहरी कार्यालय, नागरिक आरोग्री केन्द्र, कदम म्याग्दी लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्वास्थ्य सुचकहरुको आधारमा उत्कृष्ट ३ संस्था लाइ प्रशंसा पत्र सहित सम्मान गरिएको थियो



कार्यक्रममा दर्बाङ्ग आधारभुत अस्पताल प्रथम हुँदा रुम स्वास्थ्य चौकी र ओखरबोट स्वास्थ्य चौकी क्रमस दृतिय र तृतीय स्थान हासिल गर्न सफल भएका छन।

## अन्नपूर्ण गाउँपालिकाले भुरुङ तातोपानी स्वास्थ्य चौकीको अनुगमन गरेको छ।




अन्नपुर्ण गाउँपालिका द्वारा भुरुङ तातोपानी स्वास्थ्य चौकी तथा म.स्वा.स्व.से. मासिक समिक्षा वैठकको अनुगमन कार्य सम्पन्न गरेको छ।

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार


## *रघुगंगा गाउँपालिका स्वास्थ्य शाखा द्वारा बार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न गरिएको छ।*

*आ.ब.* २०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रममा पालिकास्तरका सम्पूर्ण सरोकारवालाहरु स्वास्थ्य सँस्थाका प्रमुखहरु तथा स्वस्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठी, परिवार नियोजन निरिक्षक गणेश सुबेदी र वान हार्ट वर्ल्ड वाइड का जिल्ला संयोजक उपेन्द्र चन्द उपस्थितिमा सम्पन्न भएको थियो।

| | |
|---|---|
| नेपाल प्रहरी १०० | बालबालिका हराएमा १०९८ |
| दमकल सेवा १०१ | महिला हेल्पलाइन ११४५ |
| एम्बुलेन्स सेवा १०२ | विद्युत हेल्पलाइन ११४९ |
| ट्राफिक सहायता १०३ | बालबालिका हेल्पलाइन १०४ |



कार्यक्रममा उत्कृष्ट २ स्वास्थ्य सँस्थाहरुलाइ सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

## *नारच्याङ्ग स्वास्थ्य चौकीद्वारा वार्ड स्तरीय समिक्षा सम्पन्न भएको छ।*




नारच्याङ्ग स्वास्थ्य चौकी अन्तर्गत रहेका म.सा.स्वा.से. हरुको नियमित समिक्षा बैठक तथा वार्ड स्तरीय समिक्षा कार्यक्रम वार्ड एवं स्वास्थ्य सँस्था संचालन तथा ब्यबस्थापन समितिका अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य सम्बन्धि बिभिन्न एजेन्डामा छलफल तथा निर्णय गरिएको थियो।

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ६, बर्ष २, असोज १ गते, मंगलबार




साथै उक्त दिन झाडापखाला, किटजन्य रोगहरू विशेषत लामखुट्टेबाट सर्ने डेङ्गु, औलो रोगका विषयमा सम्पूर्ण टोल बासिहरुमा जनचेतनामुलक स्वास्थ्य शिक्षा सञ्चालन गर्नका साथै निबर्तमान अध्यक्ष, टोल सुधार समितिका पदाधिकारिहरु, नारच्याङ्ग टोलबासिहरु, प्रतिनिधि,एवं स्वास्थ्य संस्थाको संयुक्त प्रतिनिधित्व द्वारा समुदाय स्तरमा सरसफाई, पानी जम्मा हुने खाल्डा पुर्नुका साथै, डेङ्गुको फुल, लार्भा खोजी एवं नष्ट गर्ने कार्य सुसम्पन्न गरिएको थियो




## स्वास्थ्य कार्यालय म्याग्दीद्वारा निजि स्वास्थ्य सँस्था अनुगमन गरिएको छ।




स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना तथा मालिका गाउँपालिकाको समन्वयमा मालिका गाउँपालिका-६ दर्बाङ्ग मा निजि स्वास्थ्य अनुगमन, सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिशचन्द्र ढकाल रस्वास्थ्य शाखा प्रमुख सन्तु कुमारी कार्कीको विशेष उपस्थिति र गाउँपालिका अधिकृत सोम बहादुर के.सी.लगायत स्वास्थ्य कार्यालयका जनस्वास्थ अधिकृत राजेन्द्र सापकोटा, बेनी अस्पतालका फार्मेसी निरिक्षक आशिष श्रेष्ठ, मालिका गाउँपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक तेजेन्द्र राना, इलाका प्रहरी कार्यालय दर्बाङ्गका प्र.ना.नि. क्षेत्र बहादुर

बरुवालको टोलीले संयुक्त रुपमा अनुगमन गरेको थियो।



अनुगमनका क्रममा आवश्यक मापदण्ड नपुगेका स्वास्थ्य संस्था हरुलाई १ महिना भित्र सम्पूर्ण मापदण्ड पुराउन निर्देशन समेत दिएको थियो। साथै १ महिना भित्र पालिकास्तरीय अनुगमन टोलि गठन गर्ने र निरन्तर अनुगमन गर्ने निर्णय पनि गरिएको छ।




## *मुदी स्वास्थ्य चौकी द्वारा वार्ड स्तरीय समिक्षा सम्पन्न*



मुदी स्वास्थ्य चौकीमा स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितीको अध्यक्षको श्री याम बहादुर घर्ति ज्यूको अध्यक्षतामा मासिक वैठक बसी वार्ड स्तरीय मासिक समिक्षा सम्पन्न भएको छ।



साथै उक्त दिन मुदीमा शिशु स्वागत घरको सुरुवात गरिएको छ। नेर्वाङ,बगर,चेचुङ,खिवाङ र अन्य ठाउमा भएका गर्भवतीहरुलाई सुत्केरी व्यथा लाग्दा स्वास्थ्य संस्थामा ल्याउनका लागी कठिनाई भएको हुदा वच्चा पाउने मिती भन्दा एक हप्ता अगाडि आएर बस्न सक्ने र वच्चा पाइसके पछि सुत्केरी सहज नहुदा सम्म बस्न सक्नेछन। यसले गर्दा स्वास्थ्य संस्था जान मन हुदाहुदै पनि घरमै सुत्केरी हुनुपर्ने दिदीबहिनीहरु र बच्चाको स्वास्थ्य अवस्था पनि राम्रो हुने अपेक्षा गरिएको छ।

## *दर्बाङ्ग आधारभूत अस्पतालद्वारा बालबालिकाहरुलाई १ दिने स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।*




दरबाङ्ग आधारभूत अस्पतालको आयोजना तथा गुड नेवर्स इन्टरनेश्नल र संगम म्याग्दीको समन्वयमा राष्ट्रिय बाल दिवस २०८१ को अबसर पारि आज जनप्रीय मा.बि. का ३७ जना छात्रा र ५२ जना छात्र गरि ८९ जना बालबालिकालाइ स्वास्थ्य परिक्षण गरिएको छ।



कार्यक्रममा दाँत, कान, आखा र मुटु जस्ता स्वास्थ्य समस्याको चेकजाच गरिएको थियो

## *स्वास्थ्य कार्यालय म्याग्दीको २०८०/०८१ को बार्षिक समिक्षा गोष्ठी तथा योजना तर्जिमा कार्यक्रम सम्पन्न गरिएको छ।*

स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठीको अध्यक्षतामा जिल्ला स्तरीय बार्षिक समिक्षा गोष्ठी तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको। कार्यक्रममा समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी प्रदेश स्वास्थ्य तालिम केन्द्र र जनस्वास्थ्य प्रयोगशाला का महानिर्देशक, प्रमुख अनुसन्धान अधिकारी, स्वास्थ्य कार्यालय पर्वत कार्यालय प्रमुख, स्वास्थ्य निर्देशनालय

पोखराका तथ्याङ्क अधिकृत ,खोप अधिकृत, मे.सु., बेनी अस्पताल, जिल्ला आयुर्वेद म्याग्दीका प्रमुख, लगायत स्थानीय तहबात स्वास्थ्य संयोजक, सह-संयोजक, पत्रकार महासंग म्याग्दी, लगायत अन्य सरोकारवाला कार्यक्रममा सहभागिता रहेको थियो।



कार्यक्रममा कार्यक्रममा विभिन्न स्वास्थ्य सुचकहरुको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने संस्था तथा स्थानीय तहहरू लाइ सम्मान पत्र समेत वितरण गरिएको थियो।



उक्त कार्यक्रममा स्थानीय तह तर्फ बेनी नगरपालिका प्रथम हुँदा मालिका गाउँपालिका र अन्नपूर्ण गाउँपालिका क्रमस दोश्रो र तेश्रो स्थान प्राप्त गरेका थिए। त्यस्तै गरि स्वास्थ्य सँस्था तर्फ दर्बाङ्ग आधारभूत अस्पतालले प्रथम स्थान हासिल गर्यो भने भुरुङ तातोपानी स्वास्थ्य चौकी र कुहु स्वास्थ्य चौकी दोश्रो र तेश्रो स्थान हासिल गर्न सफल भयका छन।





